Itilhane Samyak Mahādāna Festival: Brief Introduction

- **Lok Ratna Shakya**,
Chāebahāl, Lalitpur

Hiraṇya Varna Mahāvihār, Kvābahāl is a unique monastery, rich with immaculate art and architecture. Popularly known as the Golden Temple, the monastery still practices the age-old traditions and daily rituals in a strict manner. One of such traditions related to the monastery, Itilhane Samyak Mahādāna, is observed once in every four years. Also known as Dipaṅkara Parva, this festival is an outstanding practice of charity. The display of large images of Dipaṅkara Buddha at Nāgabahāl is the main attraction of this grand event.

Literally, 'Samyak' means to perform the act of charity in an unconditional manner with a clear mind. There is the mention of three types of Bodhijñāna in Buddhist texts – Śrāvaka Bodhi, Pratyeka Bodhi and Samyak Bodhi. Among these, 'Samyak' represents absoluteness and 'Bodhi' characterizes the supreme knowledge. The Samyak festival, hence, is a path of a Bodhisattva that leads toward the attainment of Samyak Sambodhi. The festival observes offerings of Dāna to Dipaṅkara Buddha, Avalokiteśvara, Basundharā, Ārya Tārā, along with Shakya and Bajracharya monks as per the Newar tradition.

Śakyamuni Buddha, in his past life, had received the Bodhi Bhaviṣya Vyākaraṇa from Dipaṅkara Buddha. Shakyas and Bajracharyas are considered monks, albeit married, who receive the offerings of dāna from the devotees.

Translated by:
Rajendra Shakya, Ilānani, Lalitpur

—— प्रवर्द्धक ——　　—— सहयोगी ——

NTB

visit Nepal 2020 Lifetime Experiences

नेपाल भ्रमण वर्ष २०२०
सफल पारौं

इतिल्हने सम्यक महादान पर्व

नेसं ११४० चिल्लाथ्व तृतीया व चौथी

(२०७६ फाल्गुण १४ र १५ गते)

हिरण्यवर्ण महाविहार

विहार सुधार समिति
क्वा:बहाल, ललितपुर ।
सम्पर्क फोन : ५५३२५२३, ५५३४५९५, ५५४०२२७

इतिल्हने सम्यक महादान पर्व एक संक्षिप्त परिचय

– लोकरत्न शाक्य
छायबहाल, ललितपुर

ललितपुरको प्रमुख बौद्ध विहारहरुमध्ये हिरण्यवर्ण महाविहार, क्वाःबहाल एउटा आफ्नै विशेषतायुक्त विहार शैली कलाको नमूना हो । यस विहार पर्यटकहरु माझ गोल्डेन टेम्पल (Golden Temple)को नामले प्रख्यात छन् । विश्व प्रसिद्ध हिरण्यवर्ण महाविहार एउटा अद्वितीय बौद्ध विहार हो जहाँ नियम विनियमलाई बडो सर्तकतापूर्वक अवलम्बन गरी एक प्रतिस्थित विहारको रुपमा स्थापित भएको छ । विहारको नियमित दैनिक, मासिक र वार्षिक क्रियाकलापको साथै यस विहारका विभिन्न बौद्ध पर्वहरुमध्ये **सम्यक महादान** अर्थात् **दिपंकर पर्व** धेरै अर्थहरुमा अति नै अद्वितीय देखिन्छ । यस पर्वको विशेषता भने यस पर्वमा अति नै विशाल दिपंकरका प्रतिमाहरु नागबहालमा ल्याई प्रदर्शन गर्नु हो । बुद्धधर्ममा हामीले तीन किसिमका बोधिज्ञानहरु उल्लेख भएको पाउँछौं । ती हुन : श्रावक बोधि, प्रत्येक बोधि र सम्यक बोधि । यस सन्दर्भमा सम्यकले पूर्ण तथा सम्बोधिले बोधिज्ञानको प्रतिनिधित्व गर्छन् । सम्यक दान भन्नाले शुद्ध मनले निस्वार्थ रुपमा दान गर्ने एवं सम्यक सम्बोधितर्फ लैजाने बोधिसत्व मार्ग बुझिन्छ । यो पर्वको सार नै दानपारमिताका अभ्यास हो । यस पर्वमा नेवारबौद्ध परम्परा अनुसार शाक्य तथा बज्राचार्य भिक्षुहरु र विशेष गरेर दिपंकर बुद्धहरु, अवलोकितेश्वर, बसुन्धरा देवी, आर्यतारा इत्यादिलाई दान प्रदान गरिन्छ । तथागत दिपंकर बुद्धबाट भगवान शाक्यमुनि बुद्धले आफ्नो पूर्व जन्ममा बोधि भविष्य व्याकरण पाउनुभएको थियो ।

इतिल्हने सम्यक महादान पर्वको विषयमा पौराणिक कथा

हिरण्यवर्ण महाविहारका वंशावली अनुसार हिरण्यवर्ण महाविहारको स्वर्णमन्दिर स्थापना गर्ने राजा भाष्करदेव वर्माका सन्तान ठकुरी वंशकै भलिभारो नाम गरेका व्यक्तिले अति दरिद्र भएर गाईको गोबर जम्मा पार्ने काम गर्थे । उनले आफ्नो श्रीमतीलाई समेत थाहा नदिई जम्मा गरेको गोबर आफ्नै भण्डार कोठामा राख्ने गर्दथे । आफ्नो दरिद्रताको कारणले गर्दा आफ्नी पत्नीलाई समेत आफुले गोबर भण्डारमा संग्रह गरेको कुरा बताउन लाज मान्थ्यो । आफ्नी पत्नीले त्यो गोबर देख्छ की भन्ने डरले गर्दा उसले भण्डारको साँचो लुकाइ राख्थ्यो । एकपल्ट उसले साँचो लुकाउन बिर्सेर भुइमा परिरहेको श्रीमतिले भेटाए । कौतुहलतावश उसले भण्डार खोलेर हेर्दा सबै गोबर सुनको रुपमा पाए । आफ्नो पति बागमती नदीमा स्थान गरेर घर फर्कनासाथ आफुले भण्डारमा सुन फेला पारेको कुरा सुनाए र उसले भण्डारमा यत्तिका सुन छन् भन्ने कुरा सोचेकी पनि थिइन । “यत्तिका धन हुँदाहुँदै पनि किन यस्तो दुःख झेल्नु परेको” भनी आफ्नो पतिलाई सोधी । पत्नीको कुरा सुनेर भलिभरो आश्चर्य मानी भण्डारमा गएर हेर्दाखेरी आफुले भण्डारमा संग्रह गरेका गोबर सबै सुनमा परिणत भएको देखेर अत्यन्तै प्रसन्न भएर उसले आफ्नी पत्नीलाई भन्यो -“हे प्रिय ! त्रिरत्नको आशीषले गर्दा हामीले यत्तिका धन प्राप्त भएको हो । हाम्रै विगतका कु-कर्मको फलस्वरुप हामीले धेरै नै दुःख भोग्नु पर्‍यो । बुद्धप्रति श्रद्धाभाव र दानपुण्यको कारणले आज हामी यत्तिका धनको मालिक बन्न पुग्यो ।

तसर्थ, यो जुनी र अर्को जुनीमा कल्याण गर्ने धर्ममूलप्रति हामीले श्रद्धा स्थापित गर्नुपर्छ भनी उनीहरुले विभिन्न विहारहरुमा रहेका दिपंकर बुद्धका प्रतिमाहरु, तथा बौद्ध देवदेवीहरु, श्रामणेर, ब्रम्हचर्य भिक्षु, शाक्य भिक्षु, बज्राचार्य इत्यादिहरुलाई आमन्त्रण गरी सम्यक महादान पर्व आयोजना गर्नु भयो । सो पर्व परन्तु सम्म संचालन गर्न सम्यक गुठी स्थापना गरि सो गुठी हिरण्यवर्ण महाविहारलाई जिम्मा लगाइए अनुसार अहिले सम्म पनि हिरण्यवर्ण महाविहारको तत्वावधानमा विहारका बीस स्थविर आःजुहरुबाट संचालन गर्दै आइरहेको छ । यस अवसरको लागि विशेष तिथि फाल्गुण शुक्ल तृतीया हो । यस तिथिको साँझ उचित आदरका साथ सबै आमन्त्रित देवी देवताहरुको, स्वागत गरेर दीप चढाइन्छ । भोलिपल्ट, सबै आमन्त्रित दीपंकर बुद्धका प्रतिमा, बोधिसत्व तथा ताराहरुलाई सम्यक दान प्रदान गरिन्छ ।

वंशावली अनुसार सातसय वर्ष अघिदेखि आयोजना गर्दै आएको सम्यक पर्व वि.सं. १८६१ साल सम्म प्रत्येक वर्षमा भएको देखिन्छ । पछि वि.सं. १८६२ सालदेखि सम्यक गुठीको आयस्ता कम भएको हुनाले चार वर्षको आयस्ता जम्मा गरी पाँच वर्षमा आयोजना हुनेगरी सम्यक महादान पर्व आयोजना गर्दै आएको छ । यसरी प्रत्येक पाँच वर्षमा ललितपुरस्थित इतिल्हने (नागबहाल) मा आयोजना गर्दै आएको सम्यक पर्व यस वर्ष नेपाल संबत् ११४० चिल्लाथ्व तृतीया र चौथी, विसं २०७६ फाल्गुण १४ र १५ गते हुन लागेको समेत गरी जम्मा ४७२ औं पटक हुने भएको छ ।